# छथरजोरपाटी गाउँपालिका
## छथरजोरपाटी गाउँकार्यपालिकाको कार्यालय
## जोरपाटी, धनकुटा

## शिलवन्दी दरभाउ पत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशन मितिः २०७६/०४/२८

यस छथरजोरपाटी गाउँपालिका क्षेत्राधिकार भित्रका पार्किङ स्थलहरुमा आव. २०७६।०७७ का लागि पार्किङ शुल्क लगाउनु पर्ने भएकोले ठेक्का लिन चाहाने ईच्छुक फर्म, कम्पनी, संघसंस्था वा व्यक्तिहरु लाइ बार्षिक न्यूनतम ठेक्का रकम रु १०००००। एक लाख मा नघट्ने गरी बढाबढ प्रकृयाका आधारमा छनौट हुने गरी यस कार्यालयमा गोप्य शिलवन्दी कोटेशन पेश गर्नुहुन सम्बन्धित सबैमा अनुरोध छ।

### ठेक्का सम्वन्धी आवश्यक शर्तहरु

१) पार्किङ शुल्कका दरहरु : गाउपालिकाले निर्धारण गरे बमोजिम।

२) कोटेशन फाराम रु १०००। फिर्ता नहुने गरी यस कार्यालय बाट प्राप्त गर्न सकिने छ।

३) धरौटी राख्नु पर्ने रकम : कबोल अंकको ५प्रतिसत रकम छथरजोरपाटी गाउँपालिकाको नाममा रहेको नेपाल बंगलादेश बैंकको हि.नं.५०००००८४१ धरौटी खातामा जम्मा गरी सोको सक्कल भाउचर पेश गर्नु पर्ने छ र नगदलाई मान्यता दिईने छैन।

४) कोटेशन खरिद गर्न सक्ने अन्तिम मिति : सूचना प्रकासन भएको मितिले १५ दिन कार्यालय समय भित्र ।

५) शिलबन्दी कोटेसन पेश गर्ने अन्तिम मिति र समय : कोटेसन खरिद गर्ने अन्तिम दिनको भोलि पल्ट दिनको १२ बजे भित्र छथरजोरपाटी गाउँपालिका कार्यालय धनकुटामा बोलपत्र दाखिला गर्ने अन्तिम दिनको २.३० बोलपत्र खोलिने छ ।शिलबन्दी बोलपत्र दाखिला गर्ने अन्तिम दिन वा बोलपत्र खोलिने दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन बोलपत्र दाखिला र बोलपत्र खोलिने छ।

६) कबोल गरिएको ठेक्का रकम अंक अक्षरमा स्पस्ट उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

७. म्याद नाघी आएका र रित नपुगेका कोटेशन उपर कुनै कारबाही हुने छैन ।

८) ठेक्का रकम संझौता समयमा एकमुष्ठ बुझाउनु पर्ने छ। किस्ता बुझाउनका लागि बैंक ग्यारेण्टी पेश गर्नु पर्ने छ।

९) दरभाउ पत्र स्वीकृत भएको ७ दिन भित्र सम्झौता गरि सक्नु पर्ने छ। उक्त अवधिमा सम्झौता गर्न नआएमा नियमानुसार कार्यवाही अगाडी बढाईने छ।

१०) प्रचलित कानून अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले व्यहोर्नु पर्ने छ।

११) ठेकेदारले नेपाल सरकार तथा छथरजोरपाटी गाउँपालिकाले समयसमयमा दिएको निर्देशन पालन गर्नुपर्ने छ र यस गा.पा. र ठेकेदार बिच ठेक्काको विषयमा विवाद भएमा गाउँपालिकाले गरेको निर्णय अन्तिम हुनेछ।

१२) छथरजोरपाटी गाउँपालिकालाई बुझाउनुपर्ने रकम बाँकी बक्यौता भएका व्यक्तिहरुको कोटेशनलाई बाँकि बक्यौता रकम नबुझाएसम्म स्वीकृत गरिने छैन।

१३) ठेकेदारले राखेकको धरौटी रकम ठेक्का अवधि समाप्त भए पछि आन्तरिक राजश्व कार्यालयमा आयकर, मुल्य अभिबृद्धि कर तिरेको प्रमाण र छथरजोरपाटी गाउँपालिकाबाट कर असुलीमा प्रयोग भएको रसिद जाँचबुझ भएपछि मात्र फिर्ता दिईने छ।

१४) ठेक्का कबोल गर्ने ठेकेदारले छथरजोरपाटी गाउँपालिकाले तोकिदिएको कर उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदार आफैंले छपाई रसिदहरु गाउँपालिकाबाट कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नुपर्ने छ। प्रमाणित रसिद बाहेकका रसिदबाट कर उठाएको पाईएमा वा उजुरी परेमा नियमानुसार कारबाही चलाईनेछ।

१५) बन्द हड्ताल जस्ता मानव सृजित कारण तथा प्राकृतिक प्रकोपबाट हुने अवरोधका कारण कर छुट वा मिनाहा दिईने छैन।

१६) एक व्यक्ति वा फर्मको नामबाट खरिद गरेको कोटेशन अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन।

१७) यो सूचना बमोजिम दाखिला भएको कुनै वा सबै कोटेशन स्वीकृत वा अस्वीकृत गर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ।

१८) कुनै एक प्रयोजनमा राखेको धरौटी रकम अर्को कुनै ठेक्कमा समायोजन वा सदरस्याहा गरिने छैन।

१९) कुनै शर्त सहितको कोटेशन स्वीकृत हुने छैन।

२०) यस गाउँपालिकाले तोकेको दर भन्दा बढी रकम असुल गरेमा वा सम्झौतामा उल्लेख भए बाहेकका मालवस्तुमा कर, सेवाशुल्क वा दस्तुर असुल गरेमा वा दोहोरो हुने गरि शुल्क लिइएमा त्यस्तो शुल्क बराबरको रकम ठेकेदारले यस कार्यलयमा राखेको धरौटी रकमबाट कट्टा गरी सम्बन्धित पक्षलाई उपलब्ध गराईने छ।

२१) ठेक्का सम्बन्धी सम्पूर्ण कामकारवाही सार्वजनिक खरिद ऐन,२०६३(संशोधन सहित) र सार्वजनिक खरिद नियमावली,२०६४ ( संशोधन सहित) को नियम ८४ बमोजिम हुनेछ।

२२.सूचनामा उल्लेख नभएको बिषयहरूको हकमा प्रचलित कानुन अनुसार हुनेछ।

केशव प्रसाद अर्याल
प्रमुख प्रशासकिय अधिकृत